# नेपालमा लोकतन्त्र : सङ्कट तथा चुनौतीहरू

आज नेपालको लोकतान्त्रिक व्यवस्था धरापमा परेको छ । २०४६ सालको आन्दोलनद्वारा स्थापित राजनीकि मान्यता र संवैधानिक परिपाटीलाई ध्वस्त पारिएको छ । २०५९ जेठदेखि मुलुक सांसदविहीन बनेको छ । सोही सालको असोज १८ पछि मुलुकको शासनव्यवस्था संविधानको धारा १२७ को अपव्याख्या र दुरूपयोग गर्दै राजाको निर्देशनमा चलेको छ । आफैँले नियुक्त गरेका कुनै सरकारबाट सन्तुष्ट हुन नसकी राजा ज्ञानेन्द्रबाट २०६१ माघ १९ देखि आफ्नै अध्यक्षतामा मन्त्रिपरिषद् समेत गठन गरी प्रत्यक्ष शासन चलेको छ । विगत दश वर्षदेखि चलेको द्वन्द्वबाट मुलुक पीडित छँदैथियो त्यसमाथि राजाको निरङ्कुशता पनि थपिएको छ ।

नेपालमा स्थापित प्रजातन्त्र राजसंस्थाद्वारा हरण भएको यो घटना नौलो भने होइन । राणाशासन समाप्त गरी २००७ सालमा स्थापना भएको नेपालको पहिलो प्रजातन्त्र दश वर्ष पुग्दापुग्दै २०१७ पुस १ गतेका दिन राजा महेन्द्रले फौजी कदमबाट हरण गरेका थिए । फलतः निर्दलीय पञ्चायती व्यवस्थाको नाममा राजाको प्रत्यक्ष शासन तीस वर्षसम्म थोपरियो । यस्तै, २०४६ सालको जनआन्दोलनको माध्यमबाट २०४७ सालमा स्थापना भएको बहुदलीय व्यवस्था पनि १२ वर्षमा नै घाइते भयो र अहिले शाही घोषणा र अध्यादेशको भरमा मुलुकको शासनव्यवस्था चलिरहेको छ ।

आज नेपालका सबै लोकतान्त्रिक पक्षधर शक्तिहरू निरङ्कुशताको विरूद्धमा संघर्षरत छन् । सात राजनीतिक पार्टी र विद्रोही माओवादीबीच २०६२ मंसीरमा भएको १२ बुँदे समझदारीले चैत्र ६ गते पुनःपुष्टि पाएपछि त्यसको औचित्य अझ बढेको छ । यसले गर्दा नेपालमा शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट मुलुकको अराजकता र निरङ्कुशतालाई समाप्त गर्न सकिन्छ भन्ने विषयमा लोकतन्त्रपक्षधर जनसमुदायमा नयाँ विश्वास पलाएको छ । २०४६ सालको चैत्रमा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भए झैँ २०६२ सालको अन्त्यसँगै नेपालबाट निरङ्कुशताका सबै अवशेषहरू समाप्त हुनेछन् भनेर धेरै जनता आशावादी भएका छन् ।

लोकतन्त्र र निरङ्कुशता कहिल्यै सँगै चल्न सक्दैनन् । नेपाली जनताले लोकतान्त्रिक व्यवस्थाको अनुभव २००७ सालमा गरे पनि यसको प्राप्तिको निम्ति नेपाली जनताले गरेको संघर्षको इतिहास निकै पुरानो छ । नेपालमा लोकतन्त्र स्थापना गर्नुभन्दा यसलाई टिकाउने विषयमा समस्या देखिएको कुरा २०४६ पछिका घटनाक्रमले समेत प्रमाणित गरिदिएका छन् ।

यिनै तथ्यहरूलाई महसूस गरी यस भित्रका सबल र कमजोर पक्षलाई केलाउने उद्देश्यले यो पुस्तक (नेपालमा लोकतन्त्रः सङ्कट तथा चुनौतीहरू) राष्ट्रिय शान्ति अभियानले प्रकाशमा ल्याएको छ । यसले आज मुलुकमा लोकतन्त्रले भोग्नुपरेका सङ्कट तथा चुनौतीलाई बुझ्नका निम्ति केही मात्रामा भए पनि सहयोग हुनसक्यो भने हामी आफ्नो उद्देश्य, लक्ष्य र प्रयासमा अलिकति भए पनि सफल भएको महसूस गर्नेछौं ।